# राष्ट्रिय सूचना आयोग

का. म. न. पा.-१०, बानेश्वर, देवीनगर

प. सं. ०७८/७९

च. नं. ............

**सुदूरपश्चिम प्रदेश प्रमुखसंग भेट सम्वन्धी प्रेस विज्ञप्ति**

सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख माननीय देवराज जोशीसंग राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त श्री महेन्द्र मान गुरुङ्गले प्रदेश प्रमुखको निवासमा आज विहान भेट गर्नु भएको थियो । प्रदेश प्रमुख माननीय देवराज जोशीले नागरिकलाई बलियो एवं समृद्ध बनाउने संवैधानिक तथा कानूनी व्यवस्था प्रति आफ्नो प्रतिवद्धता रहेको र कार्यान्वयनका लागि आवश्यक सहयोग रहने विश्वास दिलाउनु भयो । उक्त अवसरमा प्रमुख आयुक्त गुरुङ्गले सूचनाको हकको संवैधानिक तथा कानून व्यवस्था, यसको आवश्यकता, कार्यान्वयनको अवस्था र अपेक्षाका वारेमा जानकारी गराउनु भयो । साथै प्रमुख आयुक्त गुरुङ्गले आयोगले सम्पादन गरिरहेको कार्य र प्रदेश नेतृत्वबाट अपेक्षित सहयोग र प्रतिवद्धताका वारेमा अवगत गराउनु भएको थियो ।

(कमला ओली थापा)
सूचना आयुक्त तथा प्रवक्ता

२०७८ मंसिर ५ गते आइतबार


फोन नः ०१४४६४४१२, ०१४४९६५४४ फ्याक्सः ०१४४९६५४५, ईमेलः info@nic.gov.np वेबसाईटः www.nic.gov.np